# नेपालमा कम्पनी प्रशासन सेवा
# विकेन्द्रीकरणको आवश्यकता

## कर्णाली प्रदेश केन्द्रित
## अध्ययन प्रतिवेदन
## २०८०

ऋति फाउण्डेसन

लक्ष्मीप्रसाद पौडेल

**प्रकाशकः**

ऋति फाउण्डेसन, वीरेन्द्रनगर, सुर्खेत ।

फोनः ०८३५२१५६४, ९८५८०३४४२६

ईमेलः info@hriti org

वेवसाइटः www.hriti.org

**© ऋति फाउण्डेशन**

यस प्रकाशनको सम्पुर्ण अधिकार ऋति फाउण्डेसनमा निहित छ। यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन ।

यसको पुनःप्रकाशन वा पुनःप्रयोगको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा ऋति फाउण्डेसनमा सम्पर्क गर्न सकिनेछ  यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिङ्ग हालेर वितरण गर्न पाइने छैन। अन्यको हकमा पनि यही नियम लागु हुनेछ।

# कृतज्ञता ज्ञापन

नेपालमा कम्पनी प्रशासन सेवा विकेन्द्रीकरणको आवश्यकता सम्बन्धमा अध्ययन प्रतिवेदन तयार पार्न सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति एवं संस्थाप्रति कृतज्ञ छौँ ।

अध्ययन तयारीका क्रममा निरन्तर सल्लाह, सुझाव तथा उत्प्रेरणा दिइराख्नुहुने ऋति फाउण्डेसनका अध्यक्ष कमलराज लम्साल, कार्यकारी निर्देशक दिनेश गौतमलाई हार्दिक धन्यवाद । ऋति फाउण्डेसनका सहकर्मीहरु श्यामप्रसाद भण्डारी, ओजश्वी पौडेल, सुवेक्षा विसी र निशा विश्वकर्मालाई धन्यवाद । अध्ययनका क्रममा सुझाव प्रदान गर्नुहुने समृद्धि फाउण्डेशनका यतिन्द्र केसीप्रति विशेष आभार व्यक्त गर्दछु । त्यस्तै यो अनुसन्धानपत्रको डिजाइन र भाषामा सहयोग गर्नुहुने रोशन वस्नेत पनि धन्यवादको पात्र हुनुहुन्छ ।

यसै गरी यस अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक पर्ने सूचनाहरू उपलब्ध गराइदिने सम्पूर्ण निकाय तथा अधिकारीहरुप्रति अभार व्यक्त गर्दछु । अन्त्यमा, यस अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक जानकारीहरू सहितका आलेख तयार गर्नुभएका सम्पूर्ण लेखक एवं शोधकर्ताहरू धन्यवादको पात्र हुनुहुन्छ ।

लक्ष्मीप्रसाद पौडेल

अनुसन्धान अधिकृत

ऋति फाउण्डेसन

# लेखकको बारेमा

लक्ष्मीप्रसाद पौडेल ऋति फाउण्डेसनमा अनुसन्धान अधिकृतको रुपमा कार्यरत छन् । त्यसका साथै उनी तन्नेरी चासो सुर्खेतमा सचिवको रुपमा आवद्ध रहेका छन् । उनी अनुसन्धान, सञ्चार तथा व्यवस्थापनको क्षेत्रमा रुचि राख्छन् । पौडेल त्रिभुवन विश्वविद्यालयबाट व्यवसायिक अध्ययनमा स्नातकोत्तर गरिरहेका छन् । ऋति फाउण्डेसनसँग जोडिनुअघिको उनीसँग पत्रकारिताको अनुभव पनि रहेको छ । यसबाहेक उनी अमेरिकी दुतावास युवा परिषद् लगायत विभिन्न युवा समुह तथा सञ्जालहरुमा समेत आवद्ध थिए । संघीयता, शुसासन, नीतिनिर्माणमा युवा सहभागिता, बजार अर्थतन्त्र, बजेट, संसदीय मामिला लगायतका विषयमा पौडेलले अध्ययन तथा अनुसन्धानमुलक प्रतिवेदन र लेखहरु लेखेका छन् ।

# विषयसूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | तथ्याङ्कमा कर्णाली | ३ |
| ३. | संघीयतापछिको अवसर | ७ |
| ४. | रोजगारी र उद्योग | ९ |
| ५. | कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रवाह हुने सेवा र लाग्ने समय | १० |
| ६. | कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट काठमाडौं जाँदा र फर्किंदा लाग्ने समय र खर्चको अनुमानित विवरण | १२ |
| ७. | कम्पनी प्रशासन सेवा विकेन्द्रीकरण किन? | १३ |
| ८. | निष्कर्ष | १५ |
| ९. | सुझावहरु | १७ |

अनुसूची १ः कम्पनी रजिष्ट्रारको कार्यालयका प्रमुख कार्यहरु १८

सन्दर्भ सामग्री १९

## १. पृष्ठभूमि

नेपालभर जम्मा ३ लाख १८ हजार ८ सय ७२ वटा कम्पनी दर्ता हुँदा कर्णाली प्रदेशमा त्यसको १.२८ प्रतिशत अर्थात् जम्मा ४ हजार ९५ वटा कम्पनी दर्ता भएका छन् । कम्पनी रजिष्ट्रारको कार्यालयको तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा नेपालका ७ वटै प्रदेशमध्ये सबैभन्दा थोरै कम्पनी दर्ता भएका छन् । कर्णाली प्रदेशका जिल्लामा केन्द्रीय कार्यालय राखी दर्ता तथा सञ्चालनमा रहेका उद्योग वा कम्पनीको संख्या निकै कम हुनुको प्रमुख कारण कम्पनी रजिष्ट्रारको कार्यालयको केन्द्रीकृत सेवा हो । यसबाहेक उद्यमशीलताको विकास तथा उद्योग सञ्चालनका लागि उपयुक्त वातावरण नहुनु पनि महत्वपूर्ण पक्ष हुन् । यस आलेखमा कम्पनी रजिष्ट्रारको सेवा विकेन्द्रीकरण हुनुपर्ने पर्याप्त आधार तथा कारण केलाउन खोजिएको छ । विशेष गरी कर्णाली प्रदेशमा कम्पनी तथा उद्योग दर्ताको अवस्था र सुधार गर्नुपर्ने उपायबारे खोजी गरिएको छ ।

नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको सूची तथा कार्यविस्तृतिकरण सम्वन्धी नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत प्रतिवेदन अनुसार कम्पनी प्रशासन संघ र प्रदेश सरकारको साझा अधिकार अन्तर्गत पर्दछ । यस अवस्थामा संघीय सरकार मातहत मात्र रहेको कम्पनी रजिष्ट्रारको कार्यालयको सेवा विकेन्द्रीकरण गरेमा उद्यमी तथा उद्योगीहरुलाई प्रशासनिक जटिलता कम हुन्छ । अर्कोतर्फ संविधानको साझा अधिकारको पनि उपयोग हुनुका साथै प्रदेश सरकारको आन्तरिक राजश्व वृद्धि गर्न पनि सहयोग पुग्छ ।

हालको व्यवस्था अनुसार कठीन भूगोल तथा सुदूरमा रहेको कर्णाली प्रदेशका विकट जिल्लाहरुबाट पनि कम्पनी दर्ता तथा नवीकरण लगायतका प्रशासनिक सेवा लिन संघीय राजधानी काठमाडौंमा रहेको कम्पनी रजिष्ट्रारको कार्यालयमा जानुपर्ने बाध्यता रहेको छ । कम्पनी रजिष्ट्रारको कार्यालयका सेवाहरु विकेन्द्रीकरण गरी कर्णाली प्रदेशमै सेवा प्रदान गर्ने व्यवस्था गर्न सकेमा कर्णालीमा व्यवसायिक वातावरणमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

दर्ता तथा नवीकरण लगायतका सामान्य सेवा लिन समेत काठमाडौं जानुपर्ने अनिवार्यताका कारण एकातिर उद्योग सञ्चालन खर्च बढेको छ भने अर्कोतर्फ तेस्रो पक्षको सेवा लिनुपर्ने बाध्यता छ । यी र यस्ता झन्झट कम गरी जनतालाई उद्योग स्थापना तथा सञ्चालनको सहज वातावरण निर्माण गर्नु राज्यको दायित्व समेत हो ।


कर्णाली प्रदेश सरकारले कर्णालीमा उद्योग सञ्चालन गर्नेलाई कर छुटको व्यवस्था गरेतापनि कुनै उद्योग दर्ता तथा सञ्चालन हुन सकेका छैनन् । जसका कारण एकातिर प्रदेश सरकारको उद्धेश्य पूरा हुन सकेको छैन भने अर्कोतिर यहाँ व्याप्त औद्योगिक सम्भावना उजागर भई समृद्ध प्रदेश बन्ने अवसरबाट कर्णाली वञ्चित भएको छ ।

# २.तथ्याङ्कमा कर्णाली

### २.१ कर्णाली प्रदेशमा कम्पनी दर्ताको अवस्था

नेपालभर जम्मा ३ लाख १८ हजार ८ सय ७२ वटा कम्पनी दर्ता हुँदा कर्णाली प्रदेशमा त्यसको १.२८ प्रतिशत अर्थात् जम्मा ४ हजार ९५ वटा कम्पनी मात्रै दर्ता भएका छन् ।[३] विशाल भौगोलिक क्षेत्र तथा पर्याप्त औद्योगिक सम्भावना रहेको कर्णाली प्रदेशमा न्यून मात्रामा कम्पनी स्थापना हुनुका कारणबारे अध्ययन गरी त्यसको समाधानतर्फ जोड दिन आवश्यक छ ।

कर्णाली प्रदेशमा लगानीका लागि उपयुक्त वातावरण नहुनु र कम्पनी दर्ता तथा सञ्चालन सम्बन्धी सेवा लिन काठमाडौं जानुपर्ने बाध्यताले यहाँ कम्पनी दर्ताको संख्या न्यून रहेको देखिन्छ । ऋति फाउण्डेसनले सन् २०२२ मा गरेको अध्ययनमा ४० प्रतिशत उद्योगी/व्यवसायीहरुले व्यवसाय दर्ताका क्रममा तेस्रो पक्षको सेवा लिएको बताएका थिए ।[५] कम्पनी रजिष्ट्रारको कार्यालयको सेवा लिन सेवाग्राही स्वयं काठमाडौं जानुपर्ने नभए तेस्रो पक्षको सहयोग लिनुपर्ने हुँदा अनावश्यक सञ्चालन खर्च बढेको देखिन्छ ।




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय

## २.२ प्रदेशको आर्थिक तथा सामाजिक परिसूचक

| परिसूचक | नेपाल | कर्णाली | राष्ट्रिय औषतमा कर्णालीको योगदान |
|---|---|---|---|
| स्थानीय तह | ७५३ | ७९ | |
| जनसंख्या (प्रतिशत) | १०० | | ५.८ |
| क्षेत्रफल (प्रतिशत) | १०० | | २१.६ |
| आर्थिक वृद्धिदर | २.१६ | २.२ | - |
| कुल गार्हस्थ उत्पादनमा प्रदेशको योगदान उपभोताको मूल्यमा | - | - | ४.१ |
| प्रतिव्यति आय (अमेरिकी डलर) | १३९९ | ९९७ | - |
| बहुआयामिक गरिबी | १७.४ | ३९.५ | - |
| मानव विकास सुचकाङ्क | ०.६०२ | ०.५३८ | - |
| उद्योग दर्ता संख्या | ८९४७ | ८१ | ०.९० |
| लघु, घरेलु तथा साना उद्योग संख्या | ६७३२४४ | ३५६४१ | ५.२९ |
| उद्योगमा लगानी (रु. अर्ब) | २७८३.१ | १४९.८ | ५.३८ |
| कम्पनी दर्ता संख्या २ | ३१८८७२ | ४०९५ | १.२८ |
| जलविद्युत उत्पादन (मेगावाट) | २५८४ | १६.०५ | ०.६२ |
| वन क्षेत्र (प्रतिशत) | १०० | - | १३.६ |
| कच्ची सडक | ४७३२० | ३१३३ | |
| ग्राभेल सडक | १४००० | २१४ | |
| कालो पत्रे सडक | ४७३७ | ९१ | |
| जम्मा सडक | ६६०५७ | ३४३८ | |
| प्रदेशगत आन्तरिक राजश्व (रु. करोड) | १०३५३ | ८४८ | ८.१९ |


स्रोतः आर्थिक सर्वेक्षण २०७९/०८०


कर्णाली प्रदेश भूगोलको हिसाबले नेपालको सबैभन्दा ठूलो प्रदेश हो। प्रदेशले नेपालको कुल

भूभागको २१.६ प्रतिशत र कुल जनसंख्याको ५.८ प्रतिशत ओगटेको छ। प्रदेशको प्रतिव्यक्ति आय जम्मा ९९७ अमेरिकी डलर रहेको छ जब कि राष्ट्रिय प्रतिव्यक्ति आय १३९९ रहेको छ। नेपालको बहुआयामिक गरिबी १७.४ प्रतिशत रहँदा कर्णाली प्रदेशको बहुआयामिक गरिबी ३९.५ प्रतिशत रहेको छ। मानव विकास सूचकाङ्कमा पनि कर्णाली निकै पछाडी रहेको छ। राष्ट्रिय मानव विकास सूचकाङ्क ०.६०२ रहँदा कर्णाली प्रदेशको मानव विकास सूचकाङ्क ०.५३८ मात्रै रहेको छ।

उद्योग दर्ता संख्या समेत कर्णाली प्रदेशमा निकै कम रहेको छ। यसर्थ पनि कर्णालीमा उद्यममैत्री वातावरण सिर्जना गर्न आवश्यक देखिन्छ। नेपालभर कुल ८ हजार ९ सय ४७ वटा उद्योग दर्ता रहेकोमा कर्णालीमा जम्मा ८१ वटा छन्। जुन कुल उद्योग दर्ताको ०.९० प्रतिशत मात्रै हो। कुल गार्हस्थ उत्पादनमा प्रदेशको योगदान उपभोक्ताको मूल्यमा ४.१ प्रतिशत मात्रै रहेको छ जुन निकै नै न्यून हो लघु, घरेलु तथा साना उद्योग संख्या देशभर कुल ६ लाख ७३ हजार २ सय ४४ रहँदा कर्णाली प्रदेशमा उक्त संख्याको ५.२९ प्रतिशत अर्थात् ३५ हजार ६ सय ४१ मात्रै रहेको छ। प्रदेशमा उद्योगमा लगानी हेर्दा पनि सोही अनुपातमा रहेको देखिन्छ।

नेपालमा कुल २७८३.१ अर्ब रुपैया औद्योगिक लगानी रहेकोमा कर्णाली प्रदेशमा १४९.८ अर्ब मात्रै रहेको छ। यस्तै प्रदेशगत आन्तरिक राजश्वको अवस्था हेर्दा पनि कर्णाली प्रदेश निकै नै पछाडी रहेको छ। नेपालको प्रदेशगत आन्तरिक राजश्व कुल १०,३५३ करोड रुपैया रहेकोमा कर्णाली प्रदेशको हिस्सा ८४८ करोड रुपैया मात्रै रहेको छ। जुन कुल प्रदेशगत राजश्वको ८.१९ प्रतिशत मात्रै हो।[१]




स्रोतः आर्थिक सर्वेक्षण २०७९/०८०

**२.३ कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदानको संरचना**

आर्थिक सर्वेक्षण २०७९/०८० को तथ्याङ्क अनुसार कर्णाली प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रले ३०.८ प्रतिशत योगदान गर्छ। राष्ट्रिय औषतमा हेर्दा भने कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान २४.१ प्रतिशतमात्रै छ।

कर्णाली प्रदेशबाट हुने कुल गार्हस्थ उत्पादनमा सबैभन्दा धेरै योगदान सेवा क्षेत्रबाट ५८.९ प्रतिशत रहेको छ यद्धपी त्यो राष्ट्रिय औषतभन्दा कम हो। राष्ट्रिय औषत हेर्दा कुल गार्हस्थ उत्पादनमा सबैभन्दा धेरै योगदान सेवा क्षेत्रले ६२.४ प्रतिशत गर्छ। महत्वपूर्ण कुरा कुल गार्हस्थ योगदानमा उद्योग क्षेत्रले राष्ट्रिय औषतमा १३.५ प्रतिशत योगदान गर्छ भने कर्णाली प्रदेशमा १०.३ प्रतिशत मात्रै उद्योग क्षेत्रले कुल गार्हस्थ उत्पादनमा योगदान गर्छ।

रोजगारी सिर्जना तुलनात्मक रुपमा धेरै गर्ने उद्योगहरुको संख्या कम हुनाले कर्णाली प्रदेशको उद्योग क्षेत्रले राष्ट्रिय औषतभन्दा कम योगदान गरिरहेको हो। यसर्थ पनि कर्णाली प्रदेशमा उद्यमशीलतालाई प्रवर्द्धन गर्नुपर्ने देखिन्छ।

# ३.संघीयतापछिको अवसर

आर्थिक उदारीकरणद्वारा उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा लगानी प्रवर्द्धन गरी मुलुकको आर्थिक विकासमा गतिशीलता ल्याउन तथा कम्पनीको संस्थापना, सञ्चालन तथा प्रशासनलाई अझ बढी सुगम, सरल र पारदर्शी बनाउन कम्पनी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले 'कम्पनी ऐन २०६३' जारी भयो ।[२] हाल कम्पनी रजिष्ट्रारको कार्यालयले कम्पनी ऐन, २०६३ बमोजिम प्राइभेट लिमिटेड, पव्लिक लिमिटेड, मुनाफा वितरण नगर्ने कम्पनीहरु दर्ता देखि बन्द गर्ने बेलासम्मका सबै सेवाहरु प्रवाह गर्दै आएको छ ।

हालको कानूनी प्रावधान अनुसार देशका सबै प्रदेशमा व्यवसाय सञ्चालन गर्न सकिने भए पनि कम्पनी दर्ता भने काठमाडौंमै पुगेर गर्नुपर्ने व्यवस्था रहेको छ । सातवटै प्रदेशमा विकेन्द्रीकृत कम्पनी रजिष्ट्रार कार्यालय सम्भव हुन्छ कि हुँदैन भन्ने प्रश्नचिन्ह पनि कायमै छ ।[८] यसैबीचमा कम्पनी रजिष्ट्रारको कार्यालयले २०७५ सालमा कोशी प्रदेश र लुम्बिनी प्रदेशमा शाखा कार्यालय स्थापना गरेको थियो ।[१२] नयाँ दर्ता हुने कम्पनीहरूलाई छिटो, छरितो, सजिलो र प्रभावकारी सेवा उपलब्ध गराउन सेवा विकेन्द्रीकरणको लक्ष्यसहित पूर्वमा ईटहरी र पश्चिममा बुटवलमा कार्यालय स्थापना गरिएको थियो ।[१२]

संविधानको कार्यान्वयनका सन्दर्भमा संघीय सरकारले प्रदेश तहमा आफैले कम्पनी रजिष्ट्रारको कार्यालयको शाखा खोल्नुभन्दा संघीय कम्पनी ऐनको संशोधन गरी प्रदेशहरुले आफ्नै कम्पनी ऐन ल्याउने बाटो खुला गर्नुपर्छ । प्रदेश तहले पनि कम्पनी ऐन संशोधनका लागि संघीय सरकारसमक्ष अनुरोध गर्न सक्छ । नागरिकहरुको आर्थिक क्रियाकलापसँग जोडिएको यस्तो नीतिगत व्यवस्थाको लागि काम गर्न प्रदेश सरकारले पनि प्राथमिकताका साथ लाग्नुपर्छ । संघीयताको कार्यान्वयन भएसँगै विभिन्न सेवाहरु स्थानीय तहले प्रदान गर्दै आएका छन् ।

संविधानतः प्रयोग गरी प्रदेश सरकारले उल्लेखित सेवाप्रवाह गर्ने अधिकार रहेको छ।

-संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन

-दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

-उद्योग, व्यवसाय र कम्पनी प्रशासन

कम्पनी प्रशासन संघ र प्रदेश सरकारको साझा अधिकार अन्तर्गत पर्दछ। यस अवस्थामा कम्पनी रजिष्ट्रारको कार्यालयको सेवा विकेन्द्रीकरण गर्दा एकातिर संघीयताको सिद्धान्त र मर्म अनुरुप हुने तथा अर्कोतिर प्रशासनिक सुगमता भई प्रदेशको आन्तरिक राजश्व वृद्धि गर्न पनि सहयोग पुग्ने देखिन्छ। कम्पनी दर्ताको वर्षेनी दर बढ्दै गएपनि कम्पनी सम्बन्धी सेवा लिन संघीय राजधानी काठमाडौं नै धाउनुपर्ने बाध्यता भने कायमै छ। ऋति फाउण्डेसनले २०७९ सालमा गरेको कर्णालीमा व्यवसायिक वातावरण सम्बन्धी अनुसन्धान अनुसार कर्णाली प्रदेशको व्यवसायिक वातावरणलाई बढवा दिन कम्पनी रजिष्ट्रारको कार्यालयले कर्णाली प्रदेशमा सेवा विस्तार गर्नुपर्ने कुरालाई सरोकारवालाहरुले मुख्य सुझावको रुपमा प्रस्तुत गरेका थिए।४

.

## ४.रोजगारी र उद्योग

विश्व बैंकको तथ्याङ्कअनुसार सबैभन्दा धेरै उद्योग क्षेत्रले रोजगारीमा योगदान गर्छ । विश्वमा कुल रोजगार जनसंख्यामध्ये २३ प्रतिशत उद्योग क्षेत्रमा आवद्ध छन् ।[१३] र, उद्योग क्षेत्रमा सबै भन्दा धेरै जनशक्ति आवद्ध भएको मुलुक कतार हो । विश्व बैंकको तथ्याङ्क अनुसार कतारमा कुल रोजगारहरुमध्ये ५४ प्रतिशत उद्योग क्षेत्रमा आवद्ध छन् ।[१३] कतारको प्रतिव्यक्ति आय ८३,४१६ अमेरिकी डलर रहेको छ ।[९]

विश्वमा सबैभन्दा धेरै रोजगारी सिर्जना गर्ने क्षेत्र उद्योग रहँदा नेपालमा पनि उद्योग स्थापना र सञ्चालनमा सहजता ल्याउन जरुरी हुन्छ । सन् २०२१ को तथ्याङ्क अनुसार नेपालमा कुल रोजगार जनशक्तिमध्ये १७.४६ प्रतिशत जनशक्तिमात्रै उद्योग क्षेत्रमा कार्यरत छन् ।[१४] उद्योगको संख्या बढाउन सरकारले प्रोत्साहान गर्ने नीति लिनुका साथै उद्यमीमैत्री वातावरण सिर्जना गरेमा उद्योगको संख्या बढ्ने देखिन्छ ।

विकासका हिसाबले अपूर्ण भएकाले पनि नेपालमा उद्योग धन्दा प्रशस्त सञ्चालन हुन सक्ने अवस्था छ । उद्योग धन्दा स्थापना र सञ्चालनका कारण एकातर्फ रोजगारीका अवसरको संख्या बढ्छ भने अर्कोतर्फ सरकारी राजश्वको मात्रामा पनि बढोत्तरी आउँछ ।

## ५.कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रवाह हुने सेवा र लाग्ने समय

| क्र.सं. | सेवाको नाम | लाग्ने समय |
|---|---|---|
| १ | कम्पनीको नाम स्वीकृति | २ दिन |
| २ | कम्पनीको संस्थापना | २ दिन |
| ३ | शुरु अवस्थाको जानकारी/शुरु लागतको अभिलेख | ३ दिन |
| ४ | प्रबन्ध पत्र तथा नियमावली संशोधन, ठेगाना/शाखा/कार्यालय बन्द, | ३ दिन |
| ५ | पूँजी संरचना परिवर्तन | ३ दिन |
| ६ | कम्पनीको किसिम परिवर्तन | ३ दिन |
| ७ | ढाँचा परिवर्तनको अभिलेख | ३ दिन |
| ८ | कम्पनी खारेजी अभिलेख | ३ दिन |
| ९ | कम्पनी गाभ्ने निर्णयको अभिलेख | ३ दिन |
| १० | शेयर खरिद/बिक्री अभिलेख | ३ दिन |
| ११ | वार्षिक विवरण अद्यावधिक | ३ दिन |
| १२ | थप शेयर बाँडफाँडको अभिलेख | ३ दिन |
| १३ | मृत्यु पछिको शेयर नामसारीको अभिलेख | ३ दिन |
| १४ | प्रतिलिपि फायल खडा | ७ दिन |
| १५ | दामासाहीको प्रमाणपत्र तथा नवीकरण | ३ दिन |
| १६ | लेखापरीक्षकको परिवर्तन | २ दिन |
| १७ | सञ्चालक समितिको गठन/पुनर्गठन/थपघट | २ दिन |
| १८ | कागजातको प्रमाणित प्रतिलिपि माग | २ दिन |
| १९ | विदेशी लगानीको कम्पनी अभिलेख स्थापनाका लागि शुरु प्रक्रिया | ८ दिन |
| | विदेशी कम्पनीको शाखा दर्ता | ३ दिन |

स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालयको नागरिक वडापत्र

कम्पनी रजिष्ट्रारको कार्यालयको बडापत्रमा उल्लिखित कम्पनीहरुले लिने सेवाहरुको आर्थिक विश्लेषण गर्दा २ दिनभन्दा कम समयमै सम्पन्न हुने सेवाहरु देखिँदैनन् । यस सन्दर्भमा कर्णाली प्रदेशका सेवाग्राहीले उक्त सेवा लिन जाँदा लाग्ने औषत खर्च विवरण गणना गरी यहाँ प्रस्तुत गरिएको छ ।

कर्णालीदेखि काठमाडौं बसमार्फत् निकै कठिन यात्रा हुने गर्छ भने हवाइ यातायात खर्च निकै महँगो पर्छ । कर्णालीबाट काठमाडौं जाँदा आउँदा र त्यहाँ कम्तीमा २ दिन बस्दाको खर्च धेरै महँगो हुने देखिन्छ । यदि प्रदेशमा कम्पनी प्रशासन कार्यालय स्थापना भएमा हाल कम्पनी रजिष्ट्रारको कार्यालयले प्रदान गर्दै आएका सेवाहरु लिन सहज र सुलभ हुन्छ । यस्ता सेवा प्रदान गरेबापतको शुल्कबाट प्रदेशको राजश्व पनि वृद्धि हुनसक्छ । यसबाट प्रदेश सरकारलाई सेवाप्रवाहसँग जोडिने अवसर समेत उपलब्ध हुन्छ ।

## ६.कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट काठमाडौं जाँदा र फर्किंदा लाग्ने समय र खर्चको अनुमानित विवरण

| जिल्ला | दुईतर्फी बस भाडा जिल्ला सदरमुकामदेखि औषत | बसमार्फत् जाँदा–आउँदा लाग्ने समय | औषत हवाई भाडादर | हवाइजहाज मार्फत् काठमाडौं जाँदा–आउँदा लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| सुर्खेत | ६००० | २-३ दिन | १४२०० | १ दिन | सुर्खेत-काठमाडौं |
| दैलेख | ७००० | २-३ दिन | १६००० | २ दिन | सुर्खेत-काठमाडौं |
| डोल्पा | १०००० | ४-५ दिन | २६००० | २ दिन | डोल्पा-नेपालगञ्ज-काठमाडौं |
| हुम्ला | छैन | छैन | २६००० | २ दिन | हुम्ला-नेपालगञ्ज-काठमाडौं |
| जुम्ला | १०००० | ४-५ दिन | २४००० | २ दिन | जुम्ला-नेपालगञ्ज-काठमाडौं |
| कालिकोट | ८००० | ४-५ दिन | २०००० | ३-४ दिन | सुर्खेत-काठमाडौं |
| जाजरकोट | ८००० | २-३ दिन | २०००० | २-३ दिन | सुर्खेत-काठमाडौं |
| | | | २६००० | ३-४ दिन | रुकुम पश्चिम-नेपालगञ्ज-काठमाडौं |
| रुकुम पश्चिम | ८००० | २-३ दिन | २४००० | २-३ दिन | रुकुम पश्चिम-नेपालगञ्ज-काठमाडौं |
| सल्यान | ८००० | २-३ दिन | २४००० | ३-४ दिन | रुकुम पश्चिम-नेपालगञ्ज-काठमाडौं |
| मुगु | १४००० | ५-६ दिन | २६००० | ३-४ दिन | मुगु-नेपालगञ्ज-काठमाडौं |

स्रोतः सोधपुछ एवं अनुमान




नेपालको नक्सा

## ७.कम्पनी प्रशासन सेवा विकेन्द्रीकरण किन?

यस खण्डमा कम्पनी ऐनबमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयले प्रदान गर्दै आएका कम्पनी प्रशासन सेवाको विकेन्द्रीकरण किन जरुरी छ भन्ने केही आधार र तर्क प्रस्तुत गरिएको छ।

**७.१ एक सय रुपैयामा स्थापना हुने कम्पनी खडा गर्न कम्तीमा २० हजार रुपैया खर्च रोक्न**

न्यूनतम एक सय रुपैया मात्र अधिकृत पूँजी राखेर कम्पनी खोल्न सकिने विद्यमान प्रावधान छ। नेपाल सरकारको आर्थिक वर्ष २०८०/०८१ को बजेटमा न्यूनतम १०० रुपैयामात्र अधिकृत पूँजी राखेर कम्पनी खोल्न सकिने व्यवस्था गरिएको थियो।[१०] एक सय रुपैया पूँजीमा कम्पनी खोल्न कर्णाली प्रदेशबाट काठमाडौं पुगेर फर्किंदा कम्तीमा पनि २० हजार रुपैया खर्च हुने देखिन्छ। यदि सरकारले कम्पनी स्थापनाका लागि साँच्चै प्रोत्साहन गर्न खोजेको हो भने कर्णालीबाट कम्पनी रजिष्ट्रारको कार्यालयको काम गर्न काठमाडौं पुग्नैपर्ने झन्झट हटाउनुपर्छ। कर्णाली प्रदेशस्थित उद्योगी व्यवसायीहरुले समेत प्रदेशमा कम्पनी प्रशासन कार्यालय स्थापना हुनुपर्ने बताएका छन्।

**७.२ प्रदेश सरकारको आय बढाउन**

कुल गार्हस्थ उत्पादनमा कर्णालीको योगदान ४.१ प्रतिशत रहेको छ।[१] कर्णाली प्रदेशमा उद्योग र लगानीकर्ताहरुको संख्या बढाउन सकेमा मात्रै कुल गार्हस्थ उत्पादनमा यहाँको योगदान बढाउन सकिन्छ। कम्पनी रजिष्ट्रारको कार्यालयका प्रशासनिक कामहरु सहजै हुने भएमा मात्र यहाँ कम्पनी स्थापना गर्न नागरिकहरु अग्रसर हुन्छन्। ऋति फाउण्डेसनले गरेको अनुसन्धान अनुसार कर तथा उद्योग प्रशासन कर्णालीका उद्यमीहरुले सामना गरेको मुख्य चुनौती हो।[५]

**७.३ मौलिक हकको प्रचलनका लागि**

नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत लेखिएको छ- 'प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ ' यस अर्थमा नेपालको कुनै पनि भू-भागमा नेपाली नागरिकलाई निर्बाध रुपमा पेशा व्यवसाय गर्न पाउने अधिकार छ।

संविधानले नागरिकहरुलाई प्रत्याभूत गरेको अधिकारलाई उपयोग गर्ने वातावरण बनाउनु राज्यको दायित्व हो । अतः प्रशस्त उद्योगधन्दाको सम्भावना रहेको कर्णाली प्रदेशमा उद्योग स्थापना तथा सञ्चालनको माहोल निर्माण गर्नु आजको आवश्यकता हो ।

**७.४ संघीयताको प्रभावकारी कार्यान्वयन गरी अधिकारको विकेन्द्रीकरण गर्न**

नेपालको संविधानले मुलुकलाई संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्था भएको मुलुकको रुपमा स्वीकार गरेको छ। संघीयताको मूल मर्म भनेकै केन्द्रीकृत विकास र सेवाप्रवाहको विकेन्द्रीकरण हो । संघीयताको कार्यान्वयनका सन्दर्भमा 'गाउँ गाउँमा सिंहदरबार' भन्ने नारा निकै प्रचलित पनि भयो । जसको मूल मर्म हो- केन्द्रमा मात्रै पाइने सेवा समेतलाई गाउँगाउँमा पुर्याउने । यसर्थ पनि काठमाडौंमा केन्द्रीत सेवा सुविधालाई आवश्यकता अनुसार विकेन्द्रीत गर्दै लैजानुपर्छ ।

सार्वजनिक सेवाको विकेन्द्रीकरणबाट कर्णाली प्रदेशका जनताले अधिकतम सुविधा प्राप्त गर्न सक्छन् । जसले एकातर्फ संविधानको कार्यान्वयन गर्नमा सहयोग पुग्छ भने अर्कोतर्फ राज्यप्रति जनताको अपनत्व बढ्छ। नेपालको संविधान बमोजिम संघ र प्रदेश सरकारको साझा अधिकार सूचीमा रहेको कम्पनी स्थापना तथा सञ्चालन सम्बन्धी अधिकार कार्यान्वयनका लागि प्रदेश सरकारले संघीय सरकारसँगको समन्वयमा आवश्यक कानून निर्माण गर्नु जरुरी छ। साथै यसका लागि संघीय सरकारले प्रचलित कम्पनी ऐन संशोधन गरी प्रदेश कम्पनी ऐन ल्याउनका लागि मार्गप्रशस्त गर्नु आवश्यक छ।

# ८. निष्कर्ष

-कर्णाली प्रदेशमा जम्मा ४ हजार ९५ वटा कम्पनी दर्ता भएका छन् । कर्णाली प्रदेशमा दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुलाइ दर्ता तथा नवीकरण लगायतका प्रशासनिक कार्यहरु गर्नका लागि संघीय राजधानी काठमाडौंमा रहेको कम्पनी रजिष्ट्रारको कार्यालयमा जानुपर्ने बाध्यता रहेको छ ।

-कर्णाली प्रदेशमा लगानीका लागि उपर्युक्त वातावरण नहुनु र कम्पनी दर्ता तथा सञ्चालनका लागि प्रशासनिक कार्य गर्न काठमाडौं जानुपर्ने बाध्यताले यहाँ कम्पनी दर्ताको संख्या न्यून रहेको देखिन्छ ।

-कर्णाली प्रदेशमा न्यून मात्रामा कम्पनी स्थापनाको प्रमुख कारण प्रशासनिक जटिलता हो । कम्पनी स्थापना गरी सञ्चालनका लागि प्रशासनिक कार्यहरु पूरा गर्न काठमाडौं जानुपर्ने बाध्यताले गर्दा यहाँको व्यवसायिक वातावरणमा समेत असर पुगेको छ ।

-नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्यविस्तृतिकरण सम्बन्धी नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत प्रतिवेदन अनुसार कम्पनी प्रशासन संघ र प्रदेश सरकारको -साझा अधिकार अन्तर्गत पर्दछ । कम्पनी रजिष्ट्रारको कार्यालयको विकेन्द्रीकरण गरेमा उद्यमीहरुलाई प्रशासनिक जटिलता कम हुन्छ ।

-संविधानको कार्यान्वयनका सन्दर्भमा संघीय सरकारले प्रदेश तहमा आफैले कम्पनी रजिष्ट्रारको कार्यालयको शाखा खोल्नुभन्दा संघीय कम्पनी ऐनको संशोधन गरी प्रदेशहरुले आफ्नै कम्पनी ऐन ल्याउने बाटो खुला गर्नुपर्छ । जसले संघीयताको मर्म र भावना अनुरुप अधिकारको विकेन्द्रीकरणमा सहयोग पुग्छ ।

-कम्पनी प्रशासनसम्बन्धी सेवा प्रदेश सरकारले शुरु गरेमा संविधानको साझा अधिकारको पनि उपयोग हुने देखिन्छ भने प्रदेशको आन्तरिक राजश्व वृद्धि गर्न समेत सहयोग पुग्छ ।

-कम्पनी रजिष्ट्रारको कार्यालयको सेवा लिन अनिवार्य काठमाडौं जानुपर्ने बाध्यताका कारण

कर्णालीका उद्यमीहरुले तेस्रो पक्षको सेवा लिनुपरेको स्वीकार गरेका छन् । जसका कारण कम्पनी सञ्चालनमा अतिरिक्त खर्च बढेको पाइएको छ ।

-कर्णाली प्रदेशमा उद्योग दर्ताको संख्या निकै कम छ । नेपालभर कुल ८ हजार ९ सय ४७ वटा उद्योग दर्ता रहेकोमा कर्णालीमा जम्मा ८१ वटा उद्योग मात्रै रहेका छन् । जुन नेपालभर दर्ता भएका कुल उद्योगको ०.९० प्रतिशत मात्रै हो । प्रदेशको समृद्धि हासिल गर्न कर्णालीमा उद्यमीमैत्री वातावरण सिर्जना गर्न आवश्यक देखिन्छ ।

-आर्थिक सर्वेक्षण २०७९/०८० को तथ्याङ्क अनुसार कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान राष्ट्रिय औषतमा १३.५ प्रतिशत छ भने कर्णाली प्रदेशमा १०.३ प्रतिशत मात्र रहेको छ । उद्योगहरुले तुलनात्मक रुपमा धेरै रोजगारी सिर्जना गर्ने भएकाले कर्णाली प्रदेशमा उद्यमशीलतालाई प्रवर्द्धन गर्न उद्योग स्थापना प्रकृयालाई सहज र सर्वसुलभ बनाउनुपर्ने देखिन्छ ।

-संघ र प्रदेशको साझा अधिकार सूचीमा रहेको कम्पनी प्रशासनको विषयलाई उचित सम्बोधन गर्न प्रदेश सरकारले कम्पनी ऐन संशोधनका लागि संघीय सरकारसमक्ष अनुरोध गर्न आवश्यक छ ।

-विश्व बैंकको तथ्याङ्कअनुसार विश्वमा कुल रोजगार जनसंख्यामध्ये २३ प्रतिशत उद्योग क्षेत्रमा आवद्ध छन् । सन् २०२१ को तथ्याङ्क अनुसार नेपालमा कुल रोजगार जनशक्तिमध्ये १६ प्रतिशत मात्रै उद्योग क्षेत्रमा कार्यरत छन् । उद्योगको संख्या बढाउन सरकारले प्रोत्साहान गर्ने र उद्यमीमैत्री वातावरण सिर्जना गरेमा उद्योगको संख्या बढ्ने देखिन्छ । जसले गर्दा रोजगारीको संख्यामा अभिवृद्धि हुनुका साथै सरकारको राजश्वको मात्रामा पनि बढोत्तरी हुने देखिन्छ । अतः धेरै रोजगारी सिर्जना गर्ने क्षेत्रको प्रवर्द्धन गर्न उद्योग स्थापना र सञ्चालनमा सहजता ल्याउन आवश्यक छ ।

## ९. सुझावहरु:

-कम्पनी ऐन २०६३ को प्रस्तावना बमोजिम आर्थिक उदारीकरणद्वारा उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा लगानी प्रवर्द्धन गरी मुलुकको आर्थिक विकासमा गतिशीलता ल्याउनका लागि कम्पनीसम्बन्धी सेवाप्रवाहलाई डिजिटलाइज तथा सरल र सहज बनाउनुपर्छ।

-कम्पनी स्थापना देखि बन्दसम्मका सम्पूर्ण प्रशासनिक कार्यहरुका लागि हाल अनिवार्य संघीय राजधानी काठमाडौं जानुपर्ने बाध्यता रहेकोले कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रवाह हुने सेवालाई विकेन्द्रीकरण गरी कर्णाली प्रदेशमा समेत कार्यालय स्थापना गरी सञ्चालन गर्नुपर्छ।

-कम्पनी प्रशासन नेपालको संविधानमा संघ र प्रदेशको साझा अधिकार अन्तर्गत पर्ने भएकाले प्रदेश सरकारले संघीय सरकारलाई कम्पनी ऐन संशोधनका लागि अनुरोध गर्नुपर्छ। साथै संघीय सरकारसँगको समन्वयमा प्रदेश सरकारले आफ्नै कम्पनी ऐन जारी गरी कम्पनी प्रशासन सम्बन्धी सेवाप्रवाह गर्नुपर्छ।

-कर्णाली प्रदेशमा न्यून कम्पनी संस्थापना हुनुको कारणबारे अध्ययन गरी कम्पनी दर्ताको संख्या बढाउन कम्पनी प्रशासन सम्बन्धी प्रकृयालाई सहज बनाउनुका साथै सहुलियत तथा घुम्ती सेवा सञ्चालन गर्नुपर्छ।

-कर्णाली प्रदेशमा उद्योगको संख्या बढाउन तथा उद्यमीमैत्री वातावरण सिर्जना गर्न संघीय तथा प्रदेश सरकारहरुले विशेष अभियान सञ्चालन गर्नु जरुरी छ।

## अनुसूची–१

## कम्पनी रजिष्ट्रारको कार्यालयका प्रमुख कार्यहरु

-कम्पनी ऐन, २०६३ बमोजिम प्राइभेट लिमिटेड, पव्लिक लिमिटेड, मुनाफा वितरण नगर्ने कम्पनीहरु दर्ता गर्ने

-पब्लिक लिमिटेड कम्पनीहरुको विवरण पत्र प्रकाशित गर्नुपूर्व जाँचबुझ गरी अभिलेख राख्ने

-शेयर पूँजी वढाउन र कम्पनीहरुको नाम परिवर्तन वा संशोधन गर्ने लगायत प्रवन्धपत्र र नियमावलीमा अन्य संशोधन गर्न स्वीकृति दिने

-दर्ता भएका कम्पनीहरुले कम्पनी ऐन वमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, छानविन गर्ने र आवश्यकतानुसार निरीक्षक समेत खटाउने

-कम्पनी ऐन, २०६३ को सम्वन्धमा राय परामर्शहरु उपलव्ध गराउने

-प्रवन्धपत्र एवं नियमावलीमा आवश्यकता अनुसार संशोधनको अभिलेख गर्ने

-कम्पनीहरुको अद्यावधिक अभिलेख राख्ने

-कम्पनी ऐन अनुसार कम्पनीको खारेजी सम्वन्धी कार्य गर्ने

-कम्पनी ऐन, २०६३ विपरित हुने गरी काम कारवाही भएको कुरा शेयरवालाको उजूरी तथा अन्य तरिकाबाट जानकारी हुन आएमा आवश्यक कारवाही गरी नियमित गराउने

-कम्पनीहरु गाभ्ने सम्वन्धी काम कारवाही गर्ने

-कम्पनी ऐन, २०६३ बमोजिम तोकिएका विवरण, सूचना तथा जानकारीहरु निर्धारित समयमा दाखिला गर्न लगाउने र नगर्ने कम्पनीलाई तोकिए बमोजिम जरिवाना तथा खारेजी सम्बन्धी कार्य गर्ने

-उल्लेखित कार्यहरु बाहेक कम्पनी ऐन, २०६३ ले निर्दिष्ट गरेका अन्य कार्यहरु सम्पादन गर्ने

-नेपाल सरकारबाट समय समयमा भए गरेका निर्देशन अनुसार अन्य काम कारवाही गर्ने

## सन्दर्भ सामग्री


१. आर्थिक सर्वेक्षण, (२०७९)

२. कम्पनी ऐन, २०६३

३. कम्पनी रजिष्ट्रारको कार्यालय (२०८०)

४. नेपालको संविधानको अनुसूची ५,६, ७, ८ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्यविस्तृतिकरण सम्वन्धी नेपाल सरकार मन्त्रिपरिषद् बाट स्वीकृत प्रतिवेदन

५. ऋति फाउण्डेसन (२०७९), कर्णालीमा व्यवसायिक वातावरण

६. Baahrakhari: Retrieved April 10, 2024, from https://baahra khari.com/detail/389213

७.B360 Nepal . (n d ) . Federalism and the Nepali business market . Retrieved December 20, 2023, from https://b360nepal com/ public/federalism-and-the-nepali-business-market

८.Compareeconomy.com. Retrieved April 10, 2024, from https:// compareeconomy.com/employment/in_industry

९.Focus-economics.com. Retrieved April 10, 2024, fromhttps:// www.focus-economics.com/country-indicator/qatar/gdp-per-capita-usd/

१०. My Republica. (2023, May 30). Govt to allow companies to be established with a minimal authorized capital of just Rs 100.

११.Nagarik Online. Retrieved April 10, 2024, from https:// nagarikonline com/content/8739

१२.Setopati . (2021 December 14) . https://www setopati com/kin mel/business/178515

१३.World Bank. Retrieved April 10, 2024, from https://data.world bank.org/indicator/SLINDEMPLZS

वेवसाइटः

१४. https://tradingeconomics.com/nepal/employment-in-indus try-percent-of-total-employment-wb-data.html

## ऋति फाउण्डेसनबारे

ऋति फाउण्डेसन कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित मुनाफा वितरण नगर्ने कम्पनी हो । स्थापनाकालदेखि यसले आफ्नो उद्देश्यअनुसार कर्णाली प्रदेशको आर्थिक उन्नति र प्रगतिका लागि काम गर्दै आएको छ।

विशेषतः बहसको वातावरण बनाई समग्र विकासमा योगदान गर्ने यसको उद्देश्य रहेको छ । फाउण्डेसनले कर्णाली उत्सव..कुडा कर्णालीका, कर्णाली कचहरी, लेट्स स्पिक, सवाल उद्यमीको जस्ता सार्वजनिक वहसका नियमित कार्यक्रमका साथै कर्णाली प्रदेशको समृद्धिका लागि आवश्यक नीतिगत व्यवस्थाहरुको अध्ययन, अनुसन्धान तथा पैरवी गर्दै आइरहेको छ । यसले वाक स्वतन्त्रता र सम्पत्तिमाथिको अधिकारको पक्षमा वकालत गर्छ।

विकासका लागि विचार भन्ने मान्यता बोकेको फाउण्डेसनले गन्थन, मन्थन र चिन्तनलाई प्रश्रय दिन्छ। फाउण्डेशनले आर्थिक, सामाजिक, नीतिगत बहस पैरवीका साथै अनुसन्धानमुलक छलफल पत्र, अनुसन्धानमुलक प्रकाशन र तीनको आधारमा अनुसन्धानमुलक लेख सामाग्री समेत प्रकाशन गर्दै आएको छ। फाउण्डेशनले अनुसन्धान, बहस र पैरवीलाई मुख्य प्राथामिकता दिन्छ।

HRITI FOUNDATION

TOWARDS PROSPEROUS KARNALI

info@hriti.org www.hriti.org +97783521564 /hritifoundation